मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १७ मितिः २०७८/०५/२९

## भाग-२
## मध्यविन्दु नगरपालिका

# सामुदायिक विद्यालयका शिक्षकहरुलाइ लागत साझेदारीमा ल्यापटप/कम्पुटर वितरण कार्यविधि- २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०५/२९
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७८/०५/२९
राजपत्रमा प्रकाशित मितिः २०७८/०५/३०

**प्रस्तावनाः** विद्यालय तहको शिक्षालाइ गुणस्तरीय बनाउन शिक्षकहरुलाइ शिक्षण सिकाइ क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोगलाइ प्रोत्साहन गर्न तथा कोभिड-१९को विश्वव्यापी संक्रमणको कारण विद्यार्थीलाइ भौतिक उपस्तिथीमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न नसकिएको वर्तमान अवस्थामा विद्यार्थीलाइ इन्टरनेटको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापमा सरिक गराउन सहज पुगोस भन्ने उद्धेश्यले मध्यबिन्दु नगरपालिका आ.व २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रममा सामुदायिक विद्यालयका शिक्षकहरुलाइ लागत साझेदारीमा ल्यापटप कम्पुटर उपलब्ध गराउने कार्यक्रमलाइ व्यवस्थित रुपमा कार्यान्वयन गर्न मध्यबिन्दु नगर शिक्षा ऐन-२०७८ दफा ४३(१) ले दिएको अधिकार प्रयोग गरी मध्यबिन्दु नगरपालिकाले यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१ प्रारम्भ तथा परिभाषा

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम “सामुदायिक विद्यालयका शिक्षकहरुलाइ लागत साझेदारीमा ल्यापटप कम्पुटर वितरण कार्यविधि-२०७८” रहने छ । यो कार्यविधि मध्यविन्दु नगरकार्यपालिका बाट स्वीकृत पश्चात लागु हुने छ।

**१.२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. “ऐन” भन्नाले मध्यबिन्दु नगरपालिकाको शिक्षा ऐन २०७८ सम्झनु पर्दछ ।

२. “कार्यविधि” भन्नाले “सामुदायिक विद्यालयका शिक्षकहरुलाइ लागत साझेदारीमा ल्यापटप कम्पुटर वितरण कार्यविधि-२०७८” लाई सम्झनु पर्दछ ।

३. “कार्यपालिका” भन्नाले मध्यबिन्दु नगर कार्यपालिकालाइ सम्झनु पर्दछ।

४. “नगर शिक्षा समिति” भन्नाले नगर शिक्षा ऐन -२०७८ बमोजिम गठित मध्यबिन्दु नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

५. “शाखा” भन्नाले मध्यबिन्दु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ

६. “व्यवस्थापन समिति” भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ

७ “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकत विद्यालय सम्झनु पर्दछ।

८. “स्थानीय तह” भन्नाले मध्यविन्दु नगरपालिका सम्झनु पर्दछ ।

९. “नगर प्रमुख” भन्नाले मध्यबिन्दु नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

१०. “अनुदान” भन्नाले लागत साझेदारीमा ल्यापटप/कम्प्युटर खरिदको लागी मध्यबिन्दु नगरपालिकावाट दिइने अनुदान बुझ्नु पर्दछ।

## परिच्छेद २ः उद्देश्य

**२.१ उद्देश्यः**

यो कार्यविधि जारि गर्नुको उद्देश्य देहायअनुसार रहेको छ

क) शिक्षण सिकाइलाइ प्रविधिमैत्री बनाउदै गुणस्तरीय शिक्षा प्रदान गर्नु,

ख) शिक्षण सिकाइमा सुचना र प्रविधिको प्रयोगलाइ जोड दिनु,

ग) शिक्षकलाइ प्रविधिसंग जोड्दै आधुनिक शिक्षण सिकाइ क्रियाकलापलाइ कक्षा कोठामा प्रयोगमा ल्याउन प्रोत्साहन गर्नु,

घ) कोभिड-१९ को संक्रमण रहिरहेको वर्तमान अवस्थामा इन्टरनेटको माध्यमबाट समेत शिक्षण सिकाइ प्रक्रियालाइ निरन्तरता दिनु,

मध्यबिन्दु नगरपालिका

## परिच्छेद ३: स्वीकृत बजेट तथा लागत साझेदारीको बजेट सिमा

**३.१ स्वीकृत बजेट तथा लागत साझेदारीको बजेट सिमाः**

सामुदायिक विद्यालयका लागी लागत साझेदारीमा ल्यापटप कम्पुटर र वितरण कार्यक्रमको स्वीकृत वार्षिक बजेट रु २७,००,०००/- रहेको तथा यस कार्यक्रमबाट सामुदायिक विद्यालयका शिक्षकगरुलाइ ल्यापटप वितरण गर्दा ल्यापटपको अधिकतम मूल्य रु ७०,०००/- सम्मको लागत मूल्यलाइ आधारमानि प्रति शिक्षक ल्यापटप खरिदको लागी लागत मूल्यको ५०% शिक्षक आफैबाट तथा ५०% मूल्य नगरपालिकाको अनुदानबाट उपलब्धगराइने छ।

## परिच्छेद ४: कार्यक्रम कार्यान्वयन प्रक्रिया

४.१ लागत साझेदारीमा ल्यापटप खरिद कार्यक्रम यस मध्यबिन्दु नगरपालिका अन्तरगतका सामुदायिक माध्यमिक तथा आधारभूत तह कक्ष (१-८) संचालित विद्यालयका शिक्षकहरुलाइ अनुसूची १ मा उल्लेखित संख्यामा विद्यालयमार्फत कम्प्युटर उपलब्ध गराइने छ ।

४.२ आ.व. २०७७/०७८ मा ससर्त अनुदान अन्तरगत ICT कार्यक्रम परेका , राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गुणस्तर सुधारका कार्यक्रममा (शिक्षामा नविन प्रविधि र सिकाइ सामाग्री उपलब्धि अभिवृद्धि) छनौटमा परेका विद्यालयमा तोकिएको संख्यामा १ वटा ल्यापटप कम गरिने छ।

४.३ मध्यबिन्दु नगरपालिकाले लागत साझेदारीमा कम्प्युटर/ल्यापटप खरिद गर्नको लागी १५ दिनको सुचना प्रकाशन गर्नेछ।

४.४ विद्यालयले अनुसूची १ मा रहेको संख्यामा रही विद्यालयमा कार्यरत स्थायी तथा अनुदान कोटामा कार्यरत कम्प्युटरको ज्ञान भएका इच्छुक शिक्षकको नाम विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगर शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

४.५ पेश भइ आएका शिक्षकलाइ ल्यापटप/कम्प्युटर खरिद गरेको सक्कल विलको प्रमाणित प्रतिलिपिको आधारमा विद्यालय मार्फत अनुदान उपलब्ध गराइने छ ।

४.६ विद्यालयले तोकिएको संख्यामा विद्यालय व्यवस्थापन समिति मार्फत सिफारिस गरेका शिक्षकहरुलाइ कम्प्युटर/ल्यापटप खरिद गर्न लगाई तोकिएअनुसारको संख्यामा एकमुष्ट अनुदान रकम आवश्यक कागजात सहित नगर शिक्षा शाखामा माग गर्नुपर्ने छ ।

४.७ लागत साझेदारीमा ल्यापटप/ कम्प्युटर खरिद गरेको शिक्षकले मध्यबिन्दु नगरपालिकामा अनिवार्य रुपमा ३ वर्ष सेव गर्नुपर्ने छ।अनिवार्य अवकास बाहेक तोकिएको भन्दा कम समय सेवा गर्ने शिक्षकले आफुले खरिद गरेको ल्यापटप/कम्प्युटर विद्यालयलाइ दिनुपर्ने छ र १ वर्ष भन्दा कम सेवा गरेमा ७५%, २ वर्ष भन्दा कम सेवा गरेमा ५०% र ३ वर्ष भन्दा कम सेवा गरेका शिक्षकलाइ २५% रकम विद्यालयले वा विद्यालयमा कार्यरत अन्य इच्छुक शिक्षकलाइ ल्यापटप उपलब्ध गराई सो रकम निज शिक्षकलाइ उपलब्ध गराइनेछ ।

## परिच्छेद ५: कार्यक्रमको अनुगमन

५.१ **कार्यक्रमको अनुगमनः** कार्यक्रमको अनुगमन मध्यबिन्दु नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा वाट अनुगमन गरीनेछ।

## परिच्छेद ६: विविध

६.१ लागत साझेदारीमा खरिद गरेको ल्यापटप / कम्प्युटर प्राविधिक रुपले योग्य रहनुपर्ने छ ।

६.२ लागत साझेदारीमा ल्यापटप / कम्प्युटर खरिद गरेको शिक्षकले शिक्षण सिकाइमा ल्यापटप/कम्प्युटर प्रयोग गर्ने तथा गराउने प्रमुख जिम्मेवारी सम्बन्धित शिक्षक तथा विद्यालयको हुनेछ।

६.३ नगर शिक्षा शाखाबाट प्रकाशित सूचना अनुसार अनुसूचीमा तोकिएको संख्यामा ल्यापटप कम्प्युटर खरिद गर्न सम्बन्धित विद्यालयले इच्छा प्रकट नगरेमा बचत हुन आएको संख्या अनुसारको ल्यापटप अन्य आधारभूत (१-५) तह र माध्यमिक तहमा आवश्यकता र चाहना अनुसारको विद्यालयलाइ नगर शिक्षा शाखाबाट थप कोटा उपलब्ध गराउन सकिनेछ ।

६.४ यस कार्यविधि अनुसारको कार्यान्वयनमा केहि बाधा अड्काउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ।

मध्यबिन्दु नगरपालिका

# अनुसूची १

## मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## लागत साझेदारीमा ल्यापटप खरिदको लागि विद्यालयगत ल्यापटप संख्या

| सि.नं | विद्यालयको नाम | गत आ.व मा परेको कार्यक्रमको नाम | रकम | ल्यापटप संख्या |
|---|---|---|---|---|
| १ | नवजागरण मा वि चोरमारा | नमुना + राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ५८५००००/- | ५ |
| २ | जनता मा वि मँगलचौर | राष्ट्रपति शैक्षिक सुधार (शिक्षामा नवीन प्रविधि) | ६५००००/- | ५ |
| ३ | कुमारवर्ती मा वि कोल्हुवा | | | ६ |
| ४ | ज्ञानोदय मा वि प्रसौनी | | | ६ |
| ५ | सरस्वती मा, वि दुवाकुन | | | ६ |
| ६ | यादव मा, वि तमासपुर | राष्ट्रपति शैक्षिक सुधार (शिक्षामा नवीन प्रविधि) | ६५००००/- | ५ |
| ७ | जनता मा वि हर्दिया | आइ सी टि | ६५००००/- | ५ |
| ८ | जनता मा वि अरुणखोला टाँडी | राष्ट्रपति शैक्षिक सुधार (सिकाइ सामाग्री अभिवृद्धि) | ६५००००/- | ५ |
| ९ | नेपाल लोकसेवा मा वसन्तपुर | | | ६ |
| १० | जनतासिद्द अमर मा वि लुसलहरी | | | ४ |
| ११ | रत्नराज्यलक्ष्मी मा वि | आइ सी टि | ५६००००/- | ३ |
| १२ | विरेन्द्र मा वि द्धारदह | राष्ट्रपति शैक्षिक सुधार (शिक्षामा नवीन प्रविधि) | ६५००००/- | ३ |
| १३ | जनता मा वि इटौरा | | | ४ |
| १४ | दुर्गा नि मा वि टाँडी | नमुना आधारभूत विद्यालय अनुदान | ५०००००/- | १ |
| १५ | विन्देश्वरी नि मा वि बाघखोर | राष्ट्रपति शैक्षिक सुधार (शिक्षामा नवीन प्रविधि) | ६५००००/- | १ |
| १६ | हरिहरमंदिर नि मा वि भिउरान | राष्ट्रपति शैक्षिक सुधार (शिक्षामा नवीन प्रविधि) | ६५००००/- | १ |
| १७ | सरस्वती नि मा वि बेलहानी | नमुना आधारभूत विद्यालय अनुदान | ५०००००/- | १ |
| १८ | लक्ष्मी आदर्श आ वि अम्रसा | | | २ |
| १९ | हुप्सेकोट आ वि भेडावारी | राष्ट्रपति शैक्षिक सुधार (शिक्षामा नवीन प्रविधि) | ६५००००/- | १ |
| २० | ज्ञानज्योति नि मा वि रानीटार | | | २ |
| २१ | जनता निमावि क्षेत्रीटाँडी | | | २ |
| २२ | नवज्योति नि मा वि | राष्ट्रपति शैक्षिक सुधार (सिकाइ सामाग्री अभिवृद्धि) | ६५००००/- | १ |
| २३ | शान्ति नि मा वि सेतापानी | | | २ |
| | जम्मा | | | ७७ |